# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३९) काठमाडौं, चैत २४ गते २०४६ साल (अतिरिक्ताङ्क ६६ (क)


## भाग १

## शाही घोषणा

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबार

श्री ५ महाराजाधिराज बीरेन्द्र वीर विक्रम शाहदेवबाट विक्रम सम्वत् २०४६ साल चैत्र २४ गते राष्ट्रका नाममा बक्सेको शाही घोषणा सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

प्यारा देशवासीहरू,

१. प्रजातन्त्रको आदर्शलाई नै शासन व्यवस्थाको मूल आधार मान्ने हाम्रो परम्परा रही आएको कुरा सर्वविदितै छ । यही कुरालाई हृदयंगम गरी हामीबाट वि. सं. २०३७ सालमा हाम्रो राजनैतिक व्यवस्थामा के कस्तो परिवर्तनको चाहना देशवासीले राखेका छन् भन्ने कुरा बुझ्न जनमत संग्रहको व्यवस्था गरिबक्सेका थियौं । लोक सम्मतिको यही परम्परालाई बुझी देशमा शान्ति सुरक्षा र अमन चैन कायम राख्नु पर्नेमा सो कुरा बर्तमान मन्त्रिपरिषद्ले गर्न नसकी जनधनको क्षति भएकोले नेपालको संविधानबमोजिम बर्तमान मन्त्रिपरिषद्लाई विघटन गरिबक्सेका छौं । देशमा उत्पन्न भएको यस विशेष परिस्थितिको सन्दर्भमा नेपालको संविधानको धारा ८१ को उपधारा १ अनुसार आज

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

यही घोषणाद्वारा माननीय श्री लोकेन्द्रबहादुर चन्दलाई मन्त्रिपरिषद्को गठन गर्न अह्राई बक्सेका छौं । यस मन्त्रिपरिषद्ले विभिन्न राजनैतिक विचारधारा राख्ने व्यक्तिहरूसँग वार्ता पनि गर्नेछ। राष्ट्रिय पंचायतको अधिवेशन पनि बोलाइनेछ।

२. कुनै पनि राजनैतिक व्यवस्था स्वयम्मा साध्य नभई जनताको हक हित र उन्नतिका लागि स्थापित साधन मात्र हुने भएको र जनइच्छालाई नै हाम्रो राजनैतिक प्रणालीको आधार मान्ने परम्परा भएकोले नेपालीको चाहना अनुसार के कस्तो राजनैतिक सुधारहरू हुनुपर्छ भन्ने कुराको सुझाव हाम्रा हजूरमा पेश गर्नका लागि हामीबाट छिटै एक संविधान सुधार सुझाव आयोग गठन गरिबक्सने भएका छौं ।

३. विगत केही समययता देशका विभिन्न भागमा घटेका घटनाबाट हुन गएको जनधनको क्षतिबारे छानबीन गरी प्रतिवेदन पेश गर्न एक जाँच आयोगको पनि गठन गरिनेछ । अन्तमा विगत वर्षदेखि नेपालले भोग्नु परेको आर्थिक कठिनाइको आलो घाउ निको नभएको बेला नेपालीमात्र एकजुट हुनुपर्ने आवश्यकतालाई बुझी देशमा शान्ति र अनुशासन कायम गर्न सबैले आ-आफ्नो क्षेत्रबाट सहयोग पुन्याउनेछन् भन्ने विश्वास हामीले राखिबक्सेका छौं ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून् !

जय नेपाल !

हुकुम बक्से बमोजिम,
रेवतीरमण खनाल
श्री ५ महाराजाधिराजका सचिव



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
C 60